# सुइता सिटी बहुसांस्कृतिक वान स्टप परामर्श केन्द्र

बाल हेरचाह शुल्क निःशुल्क पाउनका लागि आवश्यक प्रक्रिया बारेमा

保育料無償化の手続きについて

किन्डरगार्टेन वा मान्यता (認定)प्राप्त बाल शिक्षा तथा हेरचाह केन्द्र प्रयोग गर्ने बालबालिकाका लागि, बाल हेरचाह शुल्क र अतिरिक्त हेरचाह सेवाको शुल्क निःशुल्क हुन सक्ने व्यवस्था छ।पहिले नै मान्यता प्राप्त गर्ने प्रक्रिया आवश्यक हुन्छ।

■योग्य व्यक्ति

（1）किन्डरगार्टेन र मान्यता प्राप्त बाल शिक्षा तथा हेरचाह केन्द्रको शिक्षा सम्बन्धी सेवाको शुल्क

・योग्य: 2020 अप्रिल 2 पछि जन्मिएका 3 वर्ष वा सोभन्दा माथिका बालबालिका

（2）किन्डरगार्टेन र मान्यता प्राप्त बाल शिक्षा तथा हेरचाह केन्द्रको अतिरिक्त बाल हेरचाह सेवा (預かり保育) को प्रयोग शुल्क

・योग्य: बाल हेरचाहको आवश्यकता भएको, 2020 अप्रिल 2 देखि 2023 अप्रिल 1 सम्म जन्मिएका बालबालिका

योग्य: नगरपालिका कर (市民税) नलाग्ने परिवारका, बाल हेरचाहको आवश्यकता भएका, 2023 अप्रिल 2 देखि 2024 अप्रिल 1 सम्म जन्मिएका बालबालिका

（3）सरकारी मान्यता नभएको बाल हेरचाह केन्द्रमा सेवा प्रयोग शुल्क

・बाल हेरचाह आवश्यक पर्ने, 2020 अप्रिल 2 देखि 2023 अप्रिल 1 सम्म जन्मिएका बालबालिका

・नगरपालिका कर नलाग्ने परिवारका तथा बाल हेरचाह आवश्यक पर्ने, 2023 अप्रिल 2 पछि जन्मिएका शिशु

■प्रक्रिया को तरीका

सेवा सुरु गर्न चाहेको मितिको अघिल्लो महिनाको अन्त्यसम्म अनलाइन आवेदन दिनुपर्छ।

आवश्यक कागजात र आवेदन गर्ने तरिका बारे थप जानकारीको लागि, बाल हेरचाह/किन्डरगार्टेन विभाग वा सम्बन्धित

हरेक बाल हेरचाह केन्द्र र किन्डरगार्टेनले दिने फर्म/कागजात (चेक गर्नुहोस्) हेर्नुहोस्।

■वेबसाइट

https://www.city.suita.osaka.jp/kosodate/1018230/1018245/1018246/1021141.html

■सम्पर्क


बाल हेरचाह/किन्डरगार्टेन विभाग

06-6155-5486


यदि तपाई सँग कुनै प्रश्नहरू छन् भने, कृपया सुइता सिटी बहुसांस्कृतिक वन-स्टप परामर्श केन्द्रमा सम्पर्क गर्नुहोस्।